मिति : २०६७/११/२

श्रीमान सचिवज्यू,

युवा तथा खेलकुद मन्त्रालय

कमलपोखरी, काठमाण्डौ ।

विषय : प्रतिवेदन पेस गरेको ।

यस मन्त्रालयको मिति २०६७/७/१५ को निर्णय एवम् मिति २०६७/७/२४ को स्वीकृत भ्रमण आदेशानुसार २०६६/७/२४ देखि २०६७/७/२८ सम्म चिनको ग्वान्जाओमा भएको १६ औँ एसियाली खेलकुद कार्यक्रममा माननीय मन्त्री गणेश नेपाली तिवारीज्यूको सँग जान खटाइएकोमा उक्त कार्यक्रममा सहभागीभई सो को प्रतिवेदन पेस गरेको व्यहोरा अनुरोध गर्दछु ।

**आज्ञाकारी**

(भरत नेपाली प्याकुरेल)

सहसचिव

युवा तथा खेलकुद मन्त्रालय

कमलपोखरी, काठमाण्डौ

## मिति ०६७/७/२५ :

माननीय मन्त्री श्री गणेश तिवारी नेपालीज्यूको नेतृत्वमा गएको टोलीलाई श्रीमान् सचिव, सुशील जङ्गबहादुर राणाज्यूबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा विदाई गर्नुभएको थियो । इन्डियन एअरलायन्सबाट सोहि दिन साँझ भारतको कोलकाता विमानस्थलमा अवतरण गरियो । सोहि विमानमा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव, खेलाडी, प्रशिक्षक, चिकित्सक एवम् मन्त्रालयका प्रतिनिधि समेत गरी ३७ जनाको उपस्थिति थियो । करिब ८:०० घण्टाको ट्रान्जिट पर्खाइबाट चाइना साउथर्न एअरलायन्सबाट चीनको क्युमिङ तर्फ प्रस्थान गरियो ।

## मिति ०६७/७/२६ :

क्युमिङ विमान स्थलमा त्यहाँको समय अनुसार विहानको ५ बजे अवतरण गरियो । चाइना साउथर्न एअरलायन्सको अर्को विमानबाट विहानको ९ बजे चीनको ग्वान्जाउ शहरमा अवतरण गरियो । विमान स्थलबाट बाहिर निस्किने वितिक्कै त्यहाँका स्थानीय पत्रकारहरूले माननीय मन्त्रीज्यूलाई नेपाली खेलटोलीको संख्या, खेलमा भाग लिने संख्या, प्रतियोगिताबाट पाइने उपलब्धिका बारेमा प्रश्नहरू सोधेका थिए । उक्त समय आफुद्वारा भाषानुवाद गरी सूचना सम्प्रेषण गर्ने कार्यमा माननीय मन्त्रीज्यूलाई सहयोगीको भूमिका निर्वाह गर्ने कार्य गरीयो । तत्पश्चात् माननीय मन्त्रीज्यूलाई उपलब्ध गराएको सवारी साधन एवम् पथप्रर्दशक टोलीद्वारा ग्वान्जाउ स्थित होटलमा पुऱ्याइयो । उक्त होटलमा विशिष्ट पाहुनाहरूका लागि मात्र व्यवस्थापन गरिएको थियो ।

माननीय मन्त्रीज्यूलाई त्यही होटलमा आराम गर्न तथा सोही दिन साँझ ५ बजे खेल उद्घाटन समारोहमा सरिक तथा सहभागी हुने व्यवस्था गरियो । तत्पश्चात् खेलकुद परिषदका सदस्य सचिवज्यू, लगायत म समेत Athletics Village तर्फ गयौं ।

## Athletic Village मा भोगेका समस्याहरू :

- म लगायत मन्त्रालयका प्रतिनिधिहरूसमेत ९ जनाको एक्रिडिसन कार्ड नबनेका कारणले आगन्तुक कक्षमा कष्टकर प्रतिक्षामा बस्न बाध्य भएको ।
- यसको कारण बुझ्ने क्रममा निर्णय भएका टोलीको नाम त्यहाँ दर्ता नभएको बुझियो ।
- करिब १२ घण्टा सम्म नाम समावेश गर्ने क्रममा हामीले धेरै पटक अनुरोध गऱ्यौं । अनुरोध गर्ने क्रम नेपाल ओलम्पिक कमिटिका उमेशलाल श्रेष्ठ, राष्ट्रिय खेलकुद परिषद्का समिम मिया अन्सारी, नेपाल ओलम्पिक कमिटिका छिरि गुरुङको प्रयासलाई धन्यवाद दिनुपर्दछ ।
- उद्घाटन समारोहको समय नजिकन लाग्दा सेभ दि मिसन, डेपुटी सेभ दि मिसन, ओलम्पिक कमिटिका सदस्य एवम् राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिवज्यूहरू त्यसतर्फ जानुभयो ।

- हामी एक्रिडिसन कार्ड नभएको कारण माननीय मन्त्रीज्यूसँग साथ लागि जाने कार्य एवम् समारोहमा सहभागी हुने अवसरबाट अव्यवस्थापनका कारणले वञ्चित हुन पुग्यौं ।
- करिब ११ घण्टा को निराहार बसाइको कारणले (पानी बाहेक) थकित एवम् आक्रान्त भएका हामी नौजना (जसमा रा.खे.प.का कर्मचारी समेत) पीडितको तर्फबाट प्रतिनिधित्व गर्दै Village को एक्रिडियसन काउन्टरमा गई विनम्रतापूर्वक अनुरोध गरियो । अन्तमा १ दिनको लागि आपत्कालिन कार्ड प्राप्त गरी वासस्थानको व्यवस्था गर्न सकियो ।

## मिति ०६७/७/२७ :

विहान ९ बजे ग्वान्जाउ स्पोर्टस पोलिटेक्निक, ग्वान्जाउ द्वारा आयोजित विशिष्ट पाहुनाहरूको स्वागतार्थ माननीय मन्त्रीज्यू सहभागी हुनु भयो । उक्त सन्दर्भ आ-आफ्नो देशको खेलकुद वस्तुस्थिति बताउने कार्य गरियो । खेलकुद वस्तुस्थिति अध्ययन एवम् अवलोकन गर्ने कार्य सम्पन्न गरियो । यसै दिन राष्ट्रिय खेलकुद परिषद् का पदाधिकारी एवम् नेपाल ओलम्पिक कमिटिका पदाधिकारीहरू बीच उद्घाटन समारोहका सन्दर्भमा भएका सेभ द मिसनको ब्याच सम्बन्धी छलफल गरी आगामी खेलका सम्बन्धमा छलफल गरिएको थियो ।

## मिति ०६७/७/२८ :

यो दिन माननीय मन्त्रीज्यूद्वारा Athletic Village मा रहेको नगरपालिकाका प्रमुख विहान ९ बजे स्वागत कार्यक्रम गरेको थियो । उक्त अवसरमा माननीय मन्त्रीज्यू स्वागत तथा उपहार प्रदान गर्ने कार्यक्रम रहेको थियो । उक्त अवसरमा खेलकुद सम्बन्धी नगरपालिकाले गर्ने खेलकुद गतिविधि सम्बन्धी जानकारीको आदान प्रदान कार्य गरिएको थियो । सोहि दि साँझ AOC द्वारा आयोजित Reception मा माननीय मन्त्रीज्यू लगायत नेपालतर्फ खेल पदाधिकारी बीच परिचय तथा आपसी सौहार्दता साटासाट गर्ने कार्यक्रम थियो ।

## मिति ०६७/७/२९ :

नेपाल फर्कने अन्तिम दिन थियो । माननीय मन्त्रीज्यू Athletic Village मा आई खेलाडी, प्रशिक्षक एवम् पदाधिकारीहरू सँग खेल सम्बन्धी जानकारी लिई पदक प्राप्तिका लागि शुभकामना दिनुभयो । खेलाडी एवम् पदाधिकारीहरूसँगै दिवा भोजनमा सरिक भई होटल तर्फ यात्राका लागि आवश्यक तयारीका लागि फर्कनु भयो । सोही दिनको साँझ ४ बजे साउर्थन चाइना एअरवेजबाट काठमाण्डौ तर्फ प्रस्थान गरियो । राती १० बजे काठमाण्डौमा अवतरण गरियो । माननीय मन्त्रीज्यूको स्वागतार्थ श्रीमान सचिवज्यू एवम् निमित्त सदस्य सचिवज्यू लगायत अन्य महानुभावहरूको उपस्थिति रहेको थियो ।

**<u>एसियाली खेलकुद कार्यक्रमबाट अनुभूत गरेका विषयहरू</u>** :

- बक्सिङ्ग खेलतर्फ कास्य पदक जित्न सफल,
- केही खेलाडीहरूले खेलमा राष्ट्रिय रेकर्ड तोड्न सफल,
- माननीय मन्त्रीज्यू, सदस्य सचिवज्यूबाट खेलाडीलाई प्रोत्साहन ।

**राष्ट्रिय खेलकुद परिषद्**

१. खेलकुद परिषद् व्यवस्थापन पक्षमा खेलाडी, प्रशिक्षक, पदाधिकारीहरूबीच आपसी समन्वय नदेखिएको पाइयो ।

२. जिम्मेवारी सबैको तर कोही पनि उत्तरदायी नभएको भावना देखिएको ।

३.राष्ट्रिय खेलकुद परिषद एवम् नेपाल ओलम्पिक कमिटीमा रहेको विवाद अन्तर्राष्ट्रिय खेल मैदानमा देखियो ।

४. एक्रेडियसन कार्डको वितरण योजनाबद्ध तथा प्रभावकारी ढँगले गरिएको पाइएन ।

५. नेपाली टोलीको संख्या धेरै देखिएको ।

६. टिकट व्यवस्थापन अद्यावधिक नभएको ।

७. खेलाडी, पदाधिकारी, पत्रकार, अफिसियलको कोटा निर्धारणमा मापदण्ड, पारदर्शिता अभाव रहेको महसुस गरियो ।

**<u>सुझाव</u> :**

१. खेलाडी, प्रशिक्षक, पदाधिकारीहरू बीच पारदर्शी एवम् मापदण्डको विकास र प्रभावकारी कार्यान्वयन,

२. अन्तर्राष्ट्रिय प्रतियोगिता भाग लिने योजना स्वीकृति एवम् कार्यान्वयनका लागि Operation Calendar को निमार्ण,

३. खेल सामग्री, पोशाक एवम् प्रशिक्षणको योजनावद्ध ढंगले कार्यान्वयन,

४. राष्ट्रिय खेलकुद परिषद् तथा ओलम्पिक कमिटीको स्पष्ट रेखा कोरिने गरी एवम् अन्तर्राष्ट्रिय ओलम्पिक चार्टर बीच अहस्तक्षेपकारी नीति, ऐन-कानुनको निर्माण र कार्यान्वयन,

५. माननीय मन्त्रीज्यू, श्रीमान सचिवज्यू, सदस्यसचिव लगायत अन्य प्रतिनिधिलाई यथोचित पूर्वक स्थान एवम् सहभागिताका लागि व्यवस्थापन ।

नेपाल ओलम्पिक कमिटी :

१. राष्ट्रिय स्तरमा समन्वयकारी भूमिका भन्दा अन्तर्राष्ट्रिय संस्थाप्रती बढी झुकाव,

२. सामूहिक रुपमा उत्तरदायी हुने भावनाको कमी,

३. खेलकुद धरातल अनुकुल बुझ्ने प्रयासको कमी,

४. राष्ट्रिय खेलकुद परिषद् र ओलम्पिक कमिटी बीच सहकार्यको कमी,

५. मन्त्रालयसँग समन्वय र सहकार्यको कमी ।

**युवा तथा खेलकुद मन्त्रालयद्वारा गर्न सकिने सम्भाव्य कार्यहरू :**

१. खेलकुद नीति र कार्ययोजना रहेको अवस्थामा सवै खेलविद्, विशेषज्ञ, योजनाकार, पूर्व माननीय खेलकुद मन्त्रीज्यूहरू, सचिवज्यूहरूको संयुक्त बैठक गरी खेल जगतको भावी सोच र धारणाहरू बुझी सुझावहरू सङ्कलन गर्ने,

२. दोस्रो चरणमा पूर्व खेलकुद सदस्य सचिवहरूको सोच तथा धारणाहरू सङ्कलन गर्ने,

३. विद्यमान खेलाडीहरूलाई प्रतियोगितामा भाग लिने मापदण्डका लागि स्पष्ट मार्गनिर्देशहुने गरी कार्यविधि निर्माण गर्ने यसका लागि सहभागीका रुपमा संस्थागत प्रतिनिधित्व नगरी खेल विज्ञ वा खेलप्रेमी को रुपमा विवादित ओलम्पिक कमिटीका पदाधिकारी सम्भव भए पूर्व ओलम्पिक कमिटीका सदस्य तथा विद्यामान खेल Expert का सदस्यहरूलाई आमन्त्रण गरी मापदण्डका खाका निर्माण गर्ने,

४. माननीय मन्त्रीज्यू, श्रीमान सचिवज्यू एवम् मन्त्रालयका प्रतिनिधि खेल टोलीमा जाँदा हुनुपर्ने र गर्नुपर्ने Status को अर्न्तबोध गराउन पहल गर्नुपर्ने अवस्था देख्दछु ।

५. उपर्युक्त प्रयास र कार्यबाट मन्त्रालयको समन्वयकारी उपलब्धी हासिल हुने अपेक्षा गर्न सकिन्छ ।